कृष्णनगर नगरपालिका

भाग: खण्ड : संख्या : मिति :

# बसपार्क व्यवस्थापन कार्यविधि, २०८०

**जारी मिति: २०८०।०९।०३**

कृष्णनगर नगरपालिका कृष्णनगरको स्वामित्वमा रहेको वा नगरपालिकाले तोकेको बसपार्क वा पार्किंग क्षेत्रलाई व्यवस्थीत ढंगबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको पार्किङ्ग व्यवस्थापन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन २०७४ को दफा १४ को प्रयोजनको लागि दफा ११ को उपदफा ७ बमोजिम कृष्णनगर नगरपालिका मिति २०८०।०९।०३ गतेको कार्यपालिका बैठकले यो कार्यविधि जारी गरेको हो ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**(१ : यस कार्यविधिको नाम "बसपार्क व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि कृष्णनगर नगरपालिकाको कार्यपालिका बैठकले निर्णय गरेको मिति २०८०।०९।०३ देखि लागू हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि (क) "बसपार्क" भन्नाले कृष्णनगर नगरपालिकाद्वारा निर्मित कृष्णनगर नगरपालिका वडा नं. २ पुरानो नगरपालिकामा रहेको अस्थायी बसपार्क सम्झनु पर्दछ । (ख) "समिति" भन्नाले दफा (४) बमोजिम गठित बसपार्क व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले कृष्णनगर नगरपालिकानगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले कृष्णनगर नगरकार्यपालिकाको कार्यालय कृष्णनगर सम्झनु पर्छछ ।

(ङ) "लामो दुरीका बस" भन्नाले कपिलवस्तु जिल्लाभन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टाभन्दा बढी यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ ।

(च) "छोटो दुरीका बस"भन्नाले कपिलववस्तु जिल्ला सहित बाहिरी जिल्लाका विभिन्न स्थानमा ५ घण्टाभन्दा कम यात्रा समय लाग्ने दुरीका बस सम्झनु पर्दछ ।

(छ) "ठेकेदार" नगरपालिकासँग सम्झौता गरी सञ्चालन/व्यवस्थापनक जिम्मा लिएको प्रचलित कानून बमोजिम दर्ता फर्मको प्रो.

## परिच्छेद-२

## उद्देश्य

**३. कार्यविधिको उद्देश्य** (१ यो: कार्यविधिको उद्देश्य देहाय बमोजिम ह (क) बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

(ख) बसपार्कलाई सही ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको सौन्दर्य वृद्धिमा सहयोग गर्ने ।

(ग) नगरपालिकाको आय-आर्जनमा सहयोग पुर्‍याउने ।

## परिच्छेद-३

## बसपार्क व्यवस्थापन समिति

**४.** बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह, सुझाव तथा नियमन नियन्त्रण गर्न नगर कार्यपालिकाले तोके बमोजिम एक बसपार्क व्यवस्थापन समिति गठन गरिने छ ।

(समितिको बैठकमा प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि, तथा अन्य सरोकारवालाहरुलाई सदस्यका रुपमा आवश्यक्ता अनुसार आमन्त्रण गर्न सक्नेछ ।)

**५. बसपार्क व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमो हुनेछन् :**

(क) बसपार्क व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सल्लाह सुझाव दिने ।

(ख) बसपार्कको काउण्टर तथा बसको पार्किङ्ग व्यवस्थापन मिलाउने

(ग) बसपार्कभित्र रहने टिकट काउण्टरहरु राख्ने स्थान तोक्ने ।

(घ) बसपार्कको नियम पालना गर्न लगाउने तथा नियम विपरित का



CamScanner

गर्नेलाई कार्वाही गर्ने ।

(ङ) बसपार्कभित्रका सेडहरुको भाडा दर तथा टेण्डर प्रक्रियाको कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(च) बसपार्कमा हुन सक्ने विवादको सामाधान गर्ने ।

(छ) बसपार्क निरीक्षक तोक्ने ।

(ज) बसपार्क व्यवस्थापन सम्बन्धमा अन्य कार्यहरु गर्ने.।

(झ) अटो रिक्सा, ई-रिक्सा, मोटरसाइकल पार्किंग व्यवस्था मिलाउने ।

(ञ) समितिलाई कुनै विषयमा विशेषज्ञ परामर्श आवश्यक परेमा समि पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरी विशेष समिति तथा उप समिति गठन गरी बसपार्क व्यवस्थापनका लागि परामर्श लिन सक्नेछ ।

## परिच्छेद-४

## बसपार्कबाट लिइने सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था

**६. बसपार्कभित्र लिइने सेवा शुल्क तथा वहाल रकम देहायबमोजिम हुनेछ ।**

**(क) कोठा वा सेड भाडा**बसपार्कको: गुरुयोजना अनुसारका तोकि कोठा एवं सेड (टिकट काउण्टर बाहेक) बाट तोकिए बमोजि वहाल रकम लिने गरि सम्पूर्ण कोठा वा सेडलाई एकमुष्ट भा वहाल रकम असूल गर्ने व्यवस्था मिलाईने छ । यसरी एकम वहालमा लिने व्यक्ति वा फर्मले अन्य व्यक्ति वा फर्मलाई तो बमोजिमको शर्तका पालना गर्ने गरि भाडामा लगाउन सक तर यसरी भाडामा दिंदादफा (७) बमोजिमको प्रकृया अवलम्ब गरिनेछ ।

**(ख) बसपार्क प्रवेश शुल्क**बसपार्कभित्र: प्रवेश गर्ने सबै बसह तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ ।

**(ग) बस पार्किङ्ग शुल्क**बसपार्कमा: पार्किङ्ग भै रात विताउने बसहरुबा तोकिए बमोजिमको पार्किङ्ग शुल्क नगरपालिका वा ठेक्काबाट गरिनेछ ।

**(घ) शौचालय सेवा शुल्क**बसपार्कभित्र: रहेको शौचालय प्रयोग वापत तोकिए बमोजिमको सेवा शुल्क असूल गरिनेछ त प्रकारको सेवा शुल्क बालबालिका, जेष्ठ नागरिक, अपांगह असूल गरिने छैन ।

**(ङ) विज्ञापन शुल्क** :बसपार्कमा रहेका कोठा तथा सेडको व्यवस तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरि समितिले त बमोजिमको विज्ञापन शुल्क लिने गरि सम्वन्धित फर्मलाई वि राख्ने ठाउं उपलब्ध गराउने छ ।

**(च) अन्य शुल्क** समितिले: सिफारिस गरी कार्यपालिकाबाट निर्णय भए बमोजिमका अन्य शुल्क ।

**७. दफा (६) बमोजिमका वहाल तथा सेवा शुल्कमध्ये दफा ६ (ङ) वाहेकका वहाल तथा सेवा शुल्क असूलीका लागि नगरपालिकाले देहायको अवलम्बन गरि एक पटकमा बढीमा ३ वर्ष नबढ्ने गरि ठेक्का बन्दो गर्नेछ :**

(क) बसपार्कभित्र रहने सेडहरुको नक्सामा उल्लेखित कोठा वा सेडमा राखिने व्यवसाय सेवाका आधारमा कोठा वा सेड नम्बरको भाडा रकम समितिले तोकि कार्यपालिका समक्ष सिफारिस गर्नेछ । समितिले भाडा सिफारिस गर्दा देहायका आधारमा न्यूनतम् भाडा दर कायम गर्न सक्नेछ ।

(अ) कोठाको क्षेत्रफल

(आ) टिकट काउण्टर, गेट जस्ता बढि मानिसको चहलपहल हुन स्थान ।

(इ) व्यवसायिक कोठा भाडाको चलनचल्ती दर ।

(ख) बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्क अनुसूची (२) लाई आधार मानी वार्षिक रुपमा उठ्न सक्ने रक एकिन् समितिले गरि कार्यपालिका समक्ष पेश गर्ने छ ।

(ग) माथि (क) र (ख) बमोजिम कोठाभाडा र प्रवेश, पार्किङ्ग, शौच सेवा शुल्कबाट वार्षिक उठ्न सक्ने रकमका आधारमा नगरपालिक तोके बमोजिमको शर्त राखि बसपार्क सञ्चालन तथा व्यवस्था लागि नियमानुसार खुल्ला वोल पत्र (ठेक्का) आव्हान गर्नेछ ।

(घ) ठेक्का वन्दोवस्ती प्रकृया देहाय अनुसारहुनेछ :

१) सटर तथा पसल कबलहरु भाडामा लगाउने, सरसफाई र सुरक्षाको जिम्मा लिने गरी कम्तीमा १५ दिनको सुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी वोलपत्र वा प्रस्ताव आव्हान गरिने वोलपत्र कागजात खरिद गर्न रु. तीनहजार वोलपत्र दस्तुर वुझाउनु पर्नेछ ।

२) ठेकेदारको योग्यता : फर्मको उद्देश्यमा सरकारी ठेक्क भाग लिन योग्य भएको हुनुपर्ने छ ।

३) ठेकेदारले पसल कबलहरु अन्य व्यक्ति वा फर्मलाई भाड लगाउँदा ठेक्काबाट स्वीकृत भई सम्झौता भएको कुल रकममा बीस प्रतिशत भन्दा बढि नहुने गरी (पानी, विजुल सुरक्षा, सरसफाई लगायतका व्यवस्था गरे वापत) रकम लिन सक्ने ।

४) पसल तथा वस्तु र सेवाको मुल्य सम्बन्धमा :सटर भाडा रकम बढिमा लिएको वा अन्य जुनसुकै पनि कारण देखाई बसपार्क भित्रबाट बिक्रि हुने वस्तु तथा स मुल्यमा वृद्धि गर्न नपाईने । कुनै पनि वस्तु अधिक मुल्यभन्दा बढिमा बिक्रि गर्न नपाईने । अधिकतम खुद्रा उल्लेख नहुने वस्तु तथा सेवाको सबैले स्पष्ट देख्न सुची टाँस गर्नुपर्ने ।

५) वस्तु तथा सेवाको गुणस्तर मुल्य लगायतका विषय नगरपालिकाले मासिक रुपमा अनुगमन गर्ने । मापदण्ड विपरि पाईएमा तत्काल कारवाही गरिने छ ।

(ङ) बोलपत्रको मूल्यांकन अधिकतम मूल्यांकित सारभूत प्रभावग्राहीलाई स्वीकृत गर्ने गरी सार्वजनिक खरिद ऐन र ि बमोजिम हुनेछ ।



CS CamScanner

८. बोलपत्र पेश गर्दा सूचनामा उल्लेख भए अनुसारको धरौटी राख रसिद वा बैंक ग्यारेन्टी अनिवार्य पेश गर्नुपर्ने छ।

९. स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नुपूर्व न्यूनतम तीन महिनाका बराबरको रकम नगद धरौटी र सम्झौता अवधि भरको भाडाको ५ बैंक जमानत वा नगद थप धरौटी वापत नगरपालिकामा पेश गर्नुपन

१०. यस परिच्छेदमा जुनसुकै कुरा उल्लेख भए तापनि कार्यपालिकाबाट भाडा दर तथा यस कार्यविधिमा उल्लेखित विभिन्न सेवा शुल्क दरल आधार मानि विशेष परिस्थितिमा नगरपालिकाले कार्यपालिकाको सहमति छुट्टै कर्मचारी राखि बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्न सक

## परिच्छेद-५
## टिकट काउण्टर व्यवस्थापन

११. **टिकट काउण्टर वितरण विधि :** (१) ठेक्का वा अमानतबाट बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्दा विभिन्न यातायात कम्पनीलाई टिकट काउण्टर उपलब्ध गराउँदा देहायबमोजिम गरिने छ :

(क) प्रथमपटक सात दिने सुचना दिई यातायात व्यवसायीहरुलाई आफ्नो संस्थाको सम्पुर्ण कागजातको प्रतिलिपी सहित गाडी संख्या र रुट परमिटको प्रमाण र नगरपालिकामा व्यवशाय दर्ता गरेका प्रमाण समेत सलग्न राखि दर्ता हुन आएका कम्पनीहरुलाई बसपाक टर्मिनलको टिकट काउण्टर निःशुल्क कस्तीमा १ वटा मात्र नगरपालिकाले गोला प्रथाद्वारा टिकट काउन्टर वितरण गर्ने । यो गर्दा इन्ट्री शुल्क र व्यवसाय दर्ताको रुपमा अनुसूची (२) बमोजिक शुल्क लिने।

(ग) यसरी वितरण पश्चात गाडी संख्या ५० भन्दा माथि र रुट संख्या प्रदेश बाहिर समेत गरी १० भन्दा बढि हुने कम्पनीलाई संरचना निर्माण गर्ने गरी व्यवसायीको सहमति वा गोलाप्रथाबाट काउन्टर दिने।

(घ) बसपार्क सञ्चालन भए पश्चात काउन्टर माग गर्ने यातायात
कम्पनीलाई बसपार्कमा टिकट काउण्टर दिन नगरपालिका बाध्य हुन छैन तर बस पार्किङ तथा यात्रु ओराल्ने र चढाउने काय नियमानुसार शुल्क बुझाइ गर्न गराउन भने बाधा पर्ने छै

## परिच्छेद-६
## बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु

१२. बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने बसपार्क सञ्चालन गर्ने जिम्मा लिने व्यवस्थापक तथा सोको प्रयो देहायका शर्तहरु पालना गर्नुपर्नेछ :

**(क ) बस व्यबसायी, चालक तथा कर्मचारीहरुले :**

१) लामो दुरीका ठूला बस छुट्नु भन्दा बढीमा १ घण्टा बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले १ घण्टा यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्नेछ

२) लामो दुरीका साना बस र छोटो दुरीका बसहरु छुट् बढीमा ३० मिनेट पहिले बसपार्क प्रवेश गराउने तथा बाहि आएका बसले ३० मिनेट भित्र यात्रु ओराल्ने तथा सामान व्यवस्थापन गर्नुपर्ने छ।

३) बस व्यवसायी चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्ने।

४) तोकिएको समयमा र स्थानमा गर्नु भनि तोकिएका काम गर्नुपर्नेछ।

५) तोकिएको स्थान बाहेक अरुलाई असर पर्ने गरी धुम्रपान गरी जथाभावी बोल्न र व्यवहार गर्न पाइने छैन।

६) चालकले बस जुनसुकै स्थानमा पार्किङ्ग गर्न, रोक्न हर्न बजाउन पाईने छैन।

७)कर्मचारीहरुले जथाभावी रुपमा यात्रुलाई अमर्यादित व्यवहारग गर्ने, सवारीको लागि तान्ने, धकेल्ने वा अन्य किसिमले दुव्यवहार गर्न पाइने छैन।

८) बस व्यवसायी वा चालकले गाडि मर्मत गराउँदा जथाभावी गराउन पाईने छैन तोकिएको स्थानमा तोकिएको दस्त मात्र गराउनु पर्नेछ।

९) बसपार्कभित्रको आचारसंहिता पालना गर्ने वा गराउने, सर गर्ने वा गराउने दायित्व समेत बहन गर्नुपर्नेछ।

१०) तोकिएको समयभन्दा बढी समय बसपार्कमा बस पाकिङ्ग गन पाइने छैन।

११) चालक, सहचालक र कन्डक्टर तथा टिकट काउन्टर कलर्कले तोकिएको पोषाक अनिवार्य प्रयोग गर्नुपर्नेछ।

**(ख ) सेवाग्राहीहरुले :**

१)सेवाग्राहीले तोकिएको स्थानमा गई टिकट लिनुपर्ने

२)टिकटमा उल्लेखित सिटमा मात्र बस्नुपर्ने छ।

३)बस व्यवसायी, चालक र कर्मचारीसँग मर्यादित व्यवहार गर्नुपर्नेछ।

४) धुम्रपान, मध्यपान गरि अरुलाई समेत असर पर्ने गरि व्यवसाय गर्न पाईने छैन सभ्य यात्रुको परिचय दिने दायित्वसेवाग्राहीको हुनेछ।

५)आफ्नो कारणले सृजित फोहरमैलालाई जथाभावी फाल्न पाइने छैन तोकिएको स्थानमा वा स्वयं आफैले विसर्जन गर्ने फोहोरको व्यवस्थापन व्यवसायी आफैले गर्नुर्पेछ।

**(ग) सेडमा व्यवसाय गर्ने व्यवसायीहरुले :**

१) प्रचलित कानूनले तोकेको मापदण्डभित्र रही उद्योग व्यापार व्यवसाय वा अन्य कुनै सेवा सञ्चालन गर्नुपर्दछ

२) प्रचलित कानूनले निषेध गरेका वस्तुको विक्रि वितर मदिराजन्य व्यवसाय गर्न पाइने छैन।

३) तोकिएको सेवा वा वस्तुमा गुणस्तरियता कायम भएको ह
४) व्यवसाय सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा नगरपालिकाको स्वीकृती लिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ।
५) सेवा वस्तुको कारोबार गर्दा प्रचलित कानून बमोजिम स्वीकृती लिनुपर्ने भए लिएको प्रमाण लिई जुनसुकै बेलापनि अनिवार्य उपलब्ध हुने गरि राख्नुपर्नेछ।
६)बसपार्क क्षेत्रभित्र वस्तुको व्यापार वा व्यवसाय गर्दा तोकिस्थानमा बाहेक अन्यत्र सेवा सञ्चालन वा वस्तु विक्रि वितरण गर्न पाईने छैन।
७)सरसफाई र स्वच्छता कायम गर्नका लागि आफ्नो अगाडिकवा क्षेत्रभित्रको सफाई गर्ने जिम्मेवारी व्यवसायीको पसल अगाडि अनिवार्य फोहर व्यवस्थापन भाडो डस्टविनमा राख्नुपर्ने छ।
८) नगरपालिकाको अनुमति नलिई सेड वा संरचनामा थप्न वा गाँस्न पाईने छैन।
९) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असर पुऱ्याउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना गर्न पाईने छैन।
१०) अत्यावश्यक वस्तु वा सेवाको सूची र मूल्य निर्धारणसूचना टाँस गर्नुपर्नेछ।
११) स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी ऐन २०७६ को पूर्ण पालना गर्नुपने

**(घ) ठेकेदार व्यवसायी वा व्यवस्थापकले :**

१) नगरपालिकासँगको सम्झौता अनुसार तोकिएको सम्पूण गर्नुपर्ने।
२) प्रत्येक थप एक वर्ष सम्झौता बमोजिमको रकम वृ भाडा रकम नगरपालिकालाई भुक्तान दिनुपर्ने।
३)कुनै कारणवश बसपार्क व्यवस्थापनको सम्झौता तोड्नकम्तिमा ६ महिना अगाडी नगरपालिकालाई सूचना दिनुपर्ने
४) नगरपालिकालाई बुझाउनुपर्ने दायित्व तोकिएको समयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।
५) बसपार्क भित्रका बत्ती, पानी, शौचालय, टेलिफोन लगायतकअन्य भौतिक संरचनाहरुको संरक्षण, सम्बर्द्धन, मर्मत स गर्ने गराउने।
६) बसपार्क भित्र रहेका सडकबत्ती, शौचालयको नियमित मम संभार गरी दुरुस्त राख्नुपर्ने, कुनै कारणवस कुन हटाउनु पर्ने देखिएमा नगरपालिकाको सहमति वेगर नहट
७) बसपार्कभित्रको क्षेत्रलाई सफा सुग्घर, हरियाली, कोलाहलमुक्त बनाउने तर्फ ध्यान दिने।
८) बसपार्कभित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन कर्मचारीलाई परिचालन गर्ने।
९) सब लिजमा दिदा वा फेरबदल गर्दा अनिवार्य रुपमा नगरपालिकाको अनुमति लिनुपर्नेछ वा सो को जानकारी पर्नेछ। नगरपालिकाबाट स्वीकृत रकमभन्दा बढी भाडा लिन पाइने छैन।
१०) नगरपालिकाले मागेको जुनसुकै सूचना वा विवरण त समयमा अनिवार्य रुपमा उपलब्ध गराउने।
११) तोकिएका व्यवसायहरु बाहेक अन्य व्यवसाय नगराउने, तोकिएको व्यवसाय एवं टिकट काउण्टरलाई तोकिएको क्षे अन्यत्र प्रयोग गर्न निषेध गर्ने।
१२) बस बाहेकका अन्य सवारी साधनलाई बसपार्क भित्र प्रवेश निषेध गर्ने।
१३) बसपार्क सुरक्षाको लागि आवश्यक प्रबन्ध गर्ने। बसपाक रहने सम्पूर्ण पसल कवलहरुको जिम्मा लिई व्यवस्थापन ग १४) यस कार्यविधिमा भए बाहेकका विषयहरु सम्झौतामा उल्ले

भएबमोजिम हुनेछन्।

**(ङ) नगरपालिकाको जिम्मेवारी :**

१) बसपार्कको क्षेत्र विस्तार तथा नयाँ संरचना निर्माणक गर्ने गराउने।
२) बसपार्क भित्र थप संरचना आवश्यक भए सो को व्यवस्थाप गर्ने गराउन३)सम्झौता बमोजिमको काम भए नभएको अनुगमन गन नभएको पाईएमा तत्काल गर्न लगाउने।
४) बसपार्क व्यवस्थापनमा देखिएका विवादको निरुपण गर्ने।

५) सम्झौतामा उल्लेखित शर्त पालना नगरेका कारणल नगरपालिकाले बिचमा नै सम्झौता तोड्नु पर्ने देखे म्याद दिई सम्झौता भंग गर्न सक्नेछ तर तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई सफाई पेश दिइने छ।
६) नगरपालिकाले लिजमा दिने प्रयोजनका लागि कार्यविवरण (TOR) तयार गर्ने, सूचना प्रकाशन गर्ने, छनौट गरी नियमानुसार सम्झौता गर्ने।
७) बसपार्क भित्रको क्षेत्रमा वस्तु वा सेवा क्षेत्र निर्धारण आवश्यकतानुसार सेवा सञ्चालन वा विक्रि कक्षको लागि स्थान उपलब्ध गराउने।
८) सम्झौता तथा प्रचलित मापदण्ड अनुसार सम्बन्धित पक्षहरुल जिम्मेवारी पुरा गरे वा नगरेको सो सम्बन्धमा नियमन
९) विद्युत, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, स प्रबन्ध, बाटोघाटो ट्रफिक व्यवस्थापनका लागि सहजिकरण गर्ने।
१०) स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक भूमिका निर्वाह गर्ने गराउने।



CamScanner

११) आवश्यकता अनुसार छड्के वा प्रत्यक्ष निरीक्षण गरी कारवाह गर्ने वा कारवाहीका लागि सिफारिस गर्नुपर्ने।

## परिच्छेद-७

## विविध

१४. बाधा अड्काउ फुकाउ(क:) प्रचलित कानून बमोजिम हुने :

(१) यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा नगरकार्यपालिकाक निर्णय, क्षेत्रगत नीति तथा कार्यक्रम बमोजिम हुनेछ।

१५. संशोधन र खारेजी(१) यो कार्यविधिको संशोधन वा कुनै दफा गर्नु परेमा नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ।

१६. कारवाही: बसपार्क अनुगमनका क्रममा नियम बिपरित काम गर्ने गराउने गरेको पइएमा तियमानुसार वा समितिले तोके बमोजिम कारवाही हुनेछ।

## अनुसूची-१

### दफा ११ (ख) संग सम्बन्धित

बसपार्क प्रवेश शुल्क, बस पार्कि॰ र शौचालय सेवा शुल्कका **(क) बसपार्क प्रवेश शुल्क**

अ. लामो दुरीमा चल्ने ठुला सवारी साधन रु. १००।- आ. लामो दुरीमा चल्ने साना सवारी साधन रु ५०।- इ. छोटो दुरीमा चल्ने ठुला सवारी साधन रु. ५०।- ई.छोटो दुरीमा चल्ने साना सवारी साधन रु. ३०।-

**(ख) पार्कि॰ शुल्क रात विताउनु पर्ने भएमा मात्र (प्रतिदिन)** अ. लामो दूरीका बस रु. १००।-

आ. छोटो दुरीका बस रु. १००।-

**(ग) शौचालय सेवा शुल्क**

अ. दिसा गरेको रु. १०।- (दश)

आ. पिसाव फेरेको रु. ५।-(पाँच)

इ. नुहाएको रु. ३०।- (तीस)

## अनुसूची-२

### दफा७ (ख) संग सम्बन्धित

बस व्यवसायी फर्महरुको व्यवसाय कर र बसपार्क सेवा प्रयोग सूचिकृत शुल्क :

**(क) व्यवसाय कर (वार्षिक)**

| | |
|---|---|
| अ.५० वटासम्म सवारी साधन भएका प्रा.लि. | १०,०००। |
| आ. १०० वटासम्म सवारी साधन भएका प्रा.लि. | १५,०००। |
| इ .१०० वटाभन्दा बढी सवारी साधन भएका प्रा.लि. | २०,०००। |

**(ख) बस पार्क सेवा प्रयोग सूचिकृत शुल्क (वार्षिक)**

| | |
|---|---|
| अ. ५० वटासम्म सवारी साधन भएका प्रा.लि. | ५०००। |
| आ. ५० वटाभन्दा बढी सवारी साधन भएका प्रा.लि. | १००००। |

नगर प्रमुख



CamScanner